# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चिशंखुगढी गाउँपालिका

ओखलढुङ्गा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## चिशंखुगढी गाउँपालिका
### ओखलढुङ्गा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## चिशंखुगढी गाउँपालिका

ओखलढुङ्गा


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**कोशी प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ७६

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
चिशंखुगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

१. **कैफियतसहितको राय-** हामीले चिशंखुगढी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ चिशंखुगढी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ७७ लाख ४४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५९ लाख ३३ हजार र नियमित गर्नुपर्ने रु. १० लाख २८ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. ५ करोड ३४ लाख ७४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ९६ लाख ३३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# चिशंखुगढी गाउँपालिका, ओखलढुङ्गा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | ६५ | ७७४४ | ० | ० | ० | ३३ | ६५ | ७७४४ | ७८३ | १०२८ | ५९३३ | ० | ० | ६९६१ | ० |

### प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | प्रतिक्रियाबाट हटाउन पालिकाबाट अनुरोध भई नआएको | | |

### अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| ओखलढुङ्गा | चिशंखुगढी गाउँपालिका | ५३४७४ | ० | १५८५ | ५१८८९ | ० | ७७४४ | ५९६३३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : चिशंखुगढी गाउँपालिका, ओखलढुंगा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लोकमनी खनाल | २०७८-१२-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नवराज बास्तोला | २०७६-८-२४ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७,७४३,७७६ |

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | **४,४१,५८,४५४.७४** |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,०४,४५,००० | **चालु खर्च** | २९,८२,३५,३९२.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०३,०७,००० | **पूँजीगत खर्च** | ११,५३,५२,७०९ |
| **राजश्व बाँडफाँट** | ५,८२,१५,६१९.२३ | **वित्तीय/अन्य व्यवस्था** | २,४३,२८,४३२.०३ |
| **आन्तरिक आय** | ५३,२१,१२५.०८ | | |
| **अन्य आय** | ६३,१०,८५३ | | |
| **कुल आय** | ४२,०५,९९,५९७.३१ | **कुल खर्च** | ४३,७९,१६,५३३.५४ |
| **बाँकी मौज्दात** | | | **२,६८,४१,५१८.५१** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न चिशंखुगढी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । प्रदेश नम्बर १ मा अवस्थित यस गाउँपालिका १२६.९१ व.कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिका अन्तर्गत ८ वटा वडा, ४३ जना गाउँ सभा सदस्य र वि.सं. २०७८ को जनगणना अनुसार कुल जनसंख्या १९ हजार रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="4">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>४२,३०,१२,३०१.३०</td><td>४०,२४,८६,२४७.२८</td><td></td><td>४०,२४,८६,२४७.२८</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>४१,७४,२०,७७९.३०</td><td>३९,६८,५४,४९४.२८</td><td>०</td><td>३९,६८,५४,४९४.२८</td></tr>
<tr><td>११००० कर</td><td>६,४८,६८,७७९.३०</td><td>६,००,६५,३०४.०७</td><td>०</td><td>६,००,६५,३०४.०७</td></tr>
<tr><td>१३००० अनुदान</td><td>३५,११,५२,०००</td><td>३३,०९,३०,२४९.९७</td><td>०</td><td>३३,०९,३०,२४९.९७</td></tr>
<tr><td>संघीय सरकार</td><td>३३,०८,४५,०००</td><td>३१,०६,२३,२४९.९७</td><td>०</td><td>३१,०६,२३,२४९.९७</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>२,०३,०७,०००</td><td>२,०३,०७,०००</td><td>०</td><td>२,०३,०७,०००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४००० अन्य राजस्व | १४,००,००० | ५८,५८,९४०.२४ | ० | ५८,५८,९४०.२४ |
| ख. अन्य प्राप्ति | ५५,९१,५२२ | ५६,३१,७५३ | | ५६,३१,७५३ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ५५,९१,५२२ | ४५,५६,६९८ | ० | ४५,५६,६९८ |
| धरौटी | ० | १०,७५,०५५ | ० | १०,७५,०५५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४६,९५,१८,९२९ | ४१,८०,९२,८६१.५१ | | ४१,८०,९२,८६१.५१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४६,३९,२७,४०७ | ४१,३५,८८,१००.९१ | | ४१,३५,८८,१००.९१ |
| २१००० पारिश्रमिक / सुविधा | १६,३२,८२,००० | १५,०४,८१,३३४.१८ | ० | १५,०४,८१,३३४.१८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ९,५८,२९,००० | ८,२२,५६,१८५.८८ | ० | ८,२२,५६,१८५.८८ |
| २५००० सहायता (Subsidy) | १,५४,१७,००० | १,४२,७४,३१३ | ० | १,४२,७४,३१३ |
| २७००० सामाजिक सुरक्षा | १,५६,६५,१५० | १,२५,०९,९६८ | ० | १,२५,०९,९६८ |
| २८००० अन्य खर्च | ३,८९,८७,२५७ | ३,८७,१३,५९०.८५ | ० | ३,८७,१३,५९०.८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १३,४७,४७,००० | ११,५३,५२,७०९ | ० | ११,५३,५२,७०९ |
| घ. अन्य भूक्तानी | ५५,९१,५२२ | ४५,०४,७६०.६० | | ४५,०४,७६०.६० |
| कोषहरु | ५५,९१,५२२ | २९,२१,०२२.६० | ० | २९,२१,०२२.६० |
| धरौटी | ० | १५,८३,७३८ | ० | १५,८३,७३८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | (४,६५,०६,६२७.७०) | (१,५६,०६,६१४.२३) | | (१,५६,०६,६१४.२३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४,२४,४८,१३२.७४ | | ४,२४,४८,१३२.७४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (४,६५,०६,६२७.७०) | २,६८,४१,५१८.५१ | | २,६८,४१,५१८.५१ |
| | | | | |
| बैंक तथा नगद बाकी | | २,६८,४१,५१८.५१ | | २,६८,४१,५१८.५१ |

**संघीय सरकार अन्तर सरकारी अख्तियारी तर्फको बजेट तथा खर्च बिबरणः**

| सि नं | शिर्षक | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ७५२१५९७६ | ७४९४७७५२ | ७४९४७७५२ | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>२१०१००००</td><td>२१००९९९९</td><td>२१००९९९९</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९६२२५९७६</td><td>९५९५७७५१</td><td>९५९५७७५१</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा, खरिदमा ओभरहेड भुक्तानी, वडाको राजस्व दाखिला लगायतका शीर्षकमा रु. २४८४६८/-असुल भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण परिक्षण</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । कार्यालयले २३ खाता संचालन गरेकोमा स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातको एकीकृत बैंक हिसाब भिडानको विवरण तयार गर्नुपर्दछ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको प्राप्ति र भुक्तानी विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४४१५८४५४.७४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.४२४४८१३२.७४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७१०३२२/- घटी जिम्मेवारी सारेको सम्बन्धमा गत वर्ष आकष्मिक कोष खाता, प्रकोप व्यवस्थापन कोष खाता र लैङ्गिक हिंसा निवारण कोष खातामा क्रमशःबचत रहेको रु.४,८००, १५,०५,५२२ तथा २,००,००० गरी कुल जम्मा १७,१०,३२२ रुपैयाँ प्राप्ती र भुक्तानी हिसावको (ख) अन्य प्राप्ती महलको कोषहरु भन्ने महलमा यस वर्षको मौज्दात भनि जोडिन गएकोले (च) गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) मा उक्त रकम समावेश हुन गएको छैन ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको रु. रकमको बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>1.</td><td>चालु खर्च खाता</td><td>-</td><td>0</td><td>-</td></tr>
<tr><td>2.</td><td>पूँजीगत खर्च खाता</td><td>-</td><td>0</td><td>-</td></tr>
<tr><td>3.</td><td>स्थानीय संचित कोष</td><td>२२४६९१७३।१५</td><td>२२७५७१६५।१५</td><td>२८०९९२</td></tr>
</table></td><td>२८०,९९२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>4.</td><td>प्रकोप व्यवस्थापन खाता</td><td>६५८९७२।४०</td><td>६५८९७२।४०</td><td>-</td></tr>
<tr><td>5.</td><td>लैंगिकहिंसा संरक्षण कोष खाता</td><td>१९६७७०</td><td>१९६७७०</td><td>-</td></tr>
<tr><td>6.</td><td>स्थानीय तह धरौटी खाता</td><td>२१०४१८२।३०</td><td>२१०४१८२।३०</td><td>-</td></tr>
<tr><td>7.</td><td>बाँडफाँडबाट प्राप्त राजस्व</td><td>-</td><td>०</td><td>-</td></tr>
<tr><td>8.</td><td>विविध खर्च खाता</td><td>७३१२३४</td><td>७३१२३४</td><td>-</td></tr>
<tr><td>9.</td><td>आन्तरिक राजस्व खाता</td><td>६३२४८७।६६</td><td>६३२४८७।६६</td><td>-</td></tr>
<tr><td>10.</td><td>आकस्मिक कोष खाता</td><td>१००</td><td>१००</td><td>-</td></tr>
<tr><td>11.</td><td>बिबिध कोष खाता ग ५।१</td><td>४८५९९</td><td>४८५९९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छनः<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी संभाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ ऐन, ४ नियमावली, १६ कार्यविधि, २ मापदण्ड समेत २५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेकचालु खर्च शिर्षकवाट रु.३३ लाख ६२ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन भ्रमण अभिलेख दुरीको विवरण सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार हुनुपर्ने देखिन्छ । | |
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाबाट प्राप्त बिबरण अनुसार गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि कृषि तथा पशु सेवा तर्फ ९ जना स्वास्थ्य तर्फ ४२ जना शिक्षा तर्फ २ तथा प्राविधिकतर्फ १४ र प्रशासनिकतर्फ १७ समेत ८२ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः २९ र २४ समेत ५३ पदमात्र पूर्ती भइ २९ पद रिक्त रहेको छ । जसले गर्दा कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । अत दरबन्दी अनुसार पदपूर्ति गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ६.२ | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २१४७३६१६। खर्च लेखेको पाईयो । तलबी प्रतिबेदन पारित नहुँदा कर्मचारीको ग्रेड रकम सम्बन्धमा यकिन हुन सकेन । आगामी दिनमा यसमा सुधार हुनु पर्ने देखिन्छ । | |
| ६.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले श्रेणीबिहिन बाहेक विभिन्न पदमा १६ जना करार सेवामा राखी बर्षभरिमा रु.५८७७९६०/- खर्च लेखेको देखिएको छ । | |
| ७ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. | ७७४,८७२ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता गरेको मिति |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २२७४४५००० | २१०२०४६७९।९७ | १७२४०३२०।०३ | २०७९।३।३१ |
| | विषेश | १६६००००० | १४०१८५७० | २५८१४३० | २०७९।३।३१ |
| | समपुरक | ४२००००० | ४२०००००  | ० | |
| प्रदेश सरकार | शसर्त | ५७५९००० | ४९८४१२८ | ७७४८७२ | |
| | समपुरक | १०००००००  | १०००००००  | ० | |
| | जम्मा | २६४००४००० | ३३२०२६९८ | ७७४८७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | **चौमासिक र बार्षिक प्रगतिः** गाउँपालिकाले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नु पर्ने व्मायबस्था छ । पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश नगरेको तथा आ ब २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन पनि तयार गरेको पाईएन । त्यस्तै पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन । यसले गर्दा सम्बद्ध तालुक निकायबाट भौतिक र वित्तिय पक्षको प्रगति समिक्षा गर्ने व्यवस्थामा असर पर्ने देखिदा तोकिएको ढांचामा प्रगति विवरण तयार गर्नु पर्दछ । | |
| ८.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सुस्मिका राईले २०७८।03।९ गते रु. ४३ करोड ७८ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१६ मा पारित भएको छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.६ लाख अबण्डा राखेको छ । उक्तअबण्डा रकम कार्यपालिकाको २०७४।९।१७ को निर्णयबाट आकस्मिक कोष संचालन व्यवस्थापन कार्यविधि स्वीकृत गरी यो वर्ष रु.१०२००००/- खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने र अन्य शिर्षकको रकम समेत आकस्मिक कोषमा सारेर खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २५६०७००० | २३३४२४२७ | ५.६६ |
| सामाजिक क्षेत्र | २३८०५०२५७ | २२०७५१५५९.७५ | ५३.३७ |
| पूर्वाधार विकास क्षेत्र | ९८४९०००० | ८२९३३५१८ | २०.०५ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ९६१९००० | ६७९६१९१ | १.६४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९२१६११५० | ७९७६४४०५.१६ | १९.२८ |
| **जम्मा** | **४६३९२७४०७** | **४१३५८८१००।९१** | **१००** |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.७०७६१३७.४२ राजस्व बाँडफाँड र अनुदानबाट रु.४०८९६७६१९.२३ समेत रु.४१६०४३७५६.६५ आम्दानी भएकोमा चालु तर्फ रु.२६०७४८१३५.०६ र पूँजिगत तर्फ रु.११५३५२७०९/- र गत वर्षको बाँकी फिर्ता रु.३७४८७२५७ समेत रु.४१३५८८१००.९१ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.७१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५२२००००/- खर्च भएको छ जुन आन्तरिक आयको १३५.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.३२ प्रतिशत चालु र ३०.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनपर्दछ ।
चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । आषाढमा बढी खर्च देखिनुमा सुत्रमा प्रविष्ट गर्ने काम आषाढमा मात्र गरेकोले बढी खर्च भएको प्रतिवेदनमा देखिएको छ ।
रकम हजारमा
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>कूल खर्चः</td><td>११५३५२</td><td>४०९४</td><td>१७८५८</td><td>९३२९९</td><td>५४५२२</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>३.५४</td><td>१५.४८</td><td>८०.८८</td><td>४७.२६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कानून निर्माण तथा न्याय सम्पादनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ वटा र यो बर्ष थप भएको ९ गरी कुल १० विवाद दर्ता भएकोमा ९ वटा मात्र फर्छ्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १०.१ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख अद्यावधिक छैन ।<br>• सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन ।<br>• संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको छैन । | |
| १०.२ | | | - सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरेको छैन । - पालिकाले एकिकृत जिन्सी नराखी शाखागत जिन्सी खाता राखेको हुनाले वडागतमा खरिद गरेको जिन्सी समानको अधिलेख भिडान गर्न सकिएन । | |
| १०.३ | | | • गाँउपालिकाको जिन्सी अभिलेखमा आम्दानी जनाएको रु.१९,१०,५००/- मूल्य रहेको टोयटा हाइलक्स जिप १ थान हाल वडा ३ दियालेमा वेवारीस अवस्थामा छाडिएको छ । उक्त गाडी संचालन गर्न नसकिने जानकारी दिएको छ । यस सम्बन्धमा गत बर्षको प्रतिबेदनमा पनि औंल्याएकोमा स्थिती यथावत रहेको छ । तर सो गाडीको सम्बन्धमा उचित निर्णय गरी टुंगो लगाउनुपर्दछ ।<br>• म.ले.प.बाट स्वीकृत ढाँचा PAMS सफ्टवेयरमा पूर्ण रुपमा स्टोर दाखिला हुने नगरेको । आ.व. २०७८।७९ को अन्तसम्म रहेका खर्च भएर जाने तथा नजाने जिन्सी खातामा अद्यावधिक गरेको पाइएन ।<br>• गाउँपालिकाको केन्द्रमा रहेका तथा हाल गाँउपालिकाले नै प्रयोग गरिरहेका ५ वटा भवन तथा अन्य संरचनाहरु एवं २०७८।७९ मा पालिका बजेटबाटै निर्माण गरी रु. ९३ लाख खर्च गरी निर्माण सामाग्री एवं २ तल्ले पक्की भवन समेत निर्माण व्यवसायीले हस्तान्तरण गरिएको भएतापनि कार्यपालिकाले आफ्नो जिन्सी अभिलेखमा सो संरचनाको आम्दानी गरेको पाइएन । सबै स्थायी सम्पत्तिहरुको नियमानुसार लगत तयार गर्नुपर्दछ । | |
| ११ | | | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत उद्दार लगायतको प्रयोजनको लागि यो वर्ष १२० जना व्यक्ति एवं संघ संस्थालाई रु.१७ लाख ९२ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२ | | | **राजस्वः** | |
| १२.१ | | | **राजश्वः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाको यस वर्ष आन्तरीक आम्दानी मालपोत समेत रु.२३,००,०००।०० उठाउने लक्ष्य रहेकोमा रु.२६,१८,४७८.०० असुली भएको छ । आम्दानी ११३.८५ प्रतिशत उठाएको देखिन्छ । तोकिएको लक्ष्य भन्दा १३.८५ प्रतिशत राजश्व बढी आम्दानी भएको छ । लक्ष्य अनुसार राजश्व उठाउन सफल भएको देखीएकोले थप आम्दानीका श्रोतहरु पहिचान गरि आम्दानी बढाउनु पर्दछ । रसिद नियन्त्रण खाता, दैनिक आम्दानी किताव, गोश्वारा भौचर नराखेको साथै ई-गभर्नेन्स प्रणाली अवलम्वन गरेको छैन । आम्दानीको अभिलेख व्यवस्थित भएको देखिएन । आठ वटा वडा मध्ये तिन वटा वडाको नगदी रसिदको आम्दानी परीक्षण गर्दा वडा नं ३ को एक ठेली रसिदको आम्दानी राजश्व दाखिला नगरेको पाईयो ।उक्त रकम लेखापरीक्षणबाट देखिए पछि लेखापरीक्षण अवधिमा नै रु.२३२४८.०० दाखिला गरिएको छ । जसले गर्दा राजस्व आम्दानीमा जोखिम देखियो । सफ्टवेयर प्रणाली प्रयोग गरी राजश्व प्रणालीलाई व्यवस्थित गरिनुपर्दछ । | |
| १२.२ | | | **सम्परीक्षणबाट कायम बेरुजूः** कार्यसंचालन निर्देशिका २०७७ को आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अन्तर्गत दण्ड, जरीवाना, शुल्क, र लेखापरीक्षणबाट कायम भएको राजस्व वापतको बेरुजू रकम जुन राजश्व शिर्षक अन्तर्गत लागेको हो सोही राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । तपसिलको गतवर्षको अग्रीम करकट्टी गर्नुपर्ने बेरुजू स्थानीय संचित कोष खातामा जम्मा गरेको छ । उक्त रकम स्थानीय संचित कोष खाताबाट सम्वन्धित राजश्व शीर्षकमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ८,६६८ |

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** |
| --- | --- | --- |
| १२.२.१ | आ.व.२०७४/७५ दफा ४८ को गाउँसभा तथा कार्यपालिका वैठकमा खाजा नास्ता भुक्तानीमा अग्रीम करकट्टी बेरुजू रु. | १,५९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १२.२.२ आ.व.२०७४/७५ दफा ७६.१ को वैठक भुक्तानीमा अग्रीम करकट्टी बेरुजू रु. ५,४०० <br> १२.२.३ आ.व.२०७५/७६ दफा ३९ को नेत्र भट्टराईको भुक्तानीमा अग्रीम करकट्टी बेरुजू रु. १,६७२ | |
| १३ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२४ लाख ७३ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४ | | | **शिक्षाः** | |
| १४.१ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । एक जना शिक्षक वरावर ४ देखी ३१ जनासम्म विद्यार्थी भएको देखियो । शिक्षक र विद्यार्थीको अनुपात कम हुने विद्यालयलाई भौगोलिक अवस्था अनुसार मर्ज गरेर सञ्चालन गरि खर्चलाई मितव्ययी वनाउनुपर्दछ । साथै शिक्षक दरवन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |

| क सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|
| 1 | श्री कुइभीर माध्यमिक विद्यालय, कुइभीरटार | १५ | १८८ | 1:13 |
| 2 | श्री भोटेछाप आधारभूत विद्यालय भोटेछाप | ३ | १६ | 1:05 |
| 3 | श्री गहते आधारभूत विद्यालय गहते | ३ | २१ | 1:07 |
| 4 | श्री हरिकालिका आधारभूत विद्यालय कोलडाँडा | ४ | ४८ | 1:12 |
| 5 | श्री विरार्जुन आधारभूत विद्यालय माझीटार | २ | २६ | 1:13 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | | | |
|---|---|---|---|---|
| 6 | श्री सरस्वती माध्यमिक विद्यालय खानीभञ्याङ्ग | १९ | ४४१ | 1:23 |
| 7 | श्री कालिका आधारभूत विद्यालय पोखरे | ८ | ९१ | 1:11 |
| 8 | श्री उदय आधारभूत विद्यालय तीनधारे | ४ | २३ | 1:06 |
| 9 | श्री विजय आधारभूत विद्यालय खाल्टा | २ | १२ | 1:06 |
| 10 | श्री जालपा माध्यमिक विद्यालय दियाले | ११ | १८१ | 1:16 |
| 11 | श्री जालपा आधारभूत विद्यालय अँधेरी | ३ | ३० | 1:10 |
| 12 | श्री रक्तमाला आधारभूत विद्यालय आँपश्वरा | ३ | २५ | 1:08 |
| 13 | श्री सिद्धस्थान आधारभूत विद्यालय ढुंगानागाउँ | ३ | ५३ | 1:18 |
| 14 | श्री कालिका आधारभूत विद्यालय चाँपावोट | २ | ८ | 1:04 |
| 15 | श्री लक्ष्मी आधारभूत विद्यालय हात्तीखर्क | २ | ९ | 1:05 |
| 16 | श्री जाल्पा माध्यमिक विद्यालय कालीमाटी | १३ | २३६ | 1:18 |
| 17 | श्री सिंहदेवी आधारभूत विद्यालय नवलपुर | ६ | ६१ | 1:10 |
| 18 | श्री कालिका आधारभूत विद्यालय लेखर्क | ६ | ६१ | 1:10 |
| 19 | श्री बुद्ध आधारभूत विद्यालय खस्रे | २ | ३१ | 1:16 |
| 20 | श्री चेतन आधारभूत विद्यालय रातमाटे | ३ | ४२ | 1:14 |
| 21 | श्री इन्द्रमाला आधारभूत विद्यालय चाकलढुंगा | ३ | ३२ | 1:11 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 22 | श्री छहरे आधारभूत विद्यालय कोइरालागाउँ | १ | १८ | 1:18 | | |
| | | | 23 | श्री सेर्ना आधारभूत विद्यालय सेर्ना | ६ | ७४ | 1:12 | | |
| | | | 24 | श्री जानुका आधारभूत विद्यालय छहरे | ३ | ४२ | 1:14 | | |
| | | | 25 | श्री सिद्धदेवी आधारभूत विद्यालय चिसापानी | ३ | २७ | 1:09 | | |
| | | | 26 | श्री कुशमाण्डा आधारभूत विद्यालय पाखे | ४ | ५४ | 1:14 | | |
| | | | 27 | श्री छात्रप्रगती माध्यमिक विद्यालय भदौरे | ९ | २७५ | 1:31 | | |
| | | | 28 | श्री महेश्वर माध्यमिक विद्यालय भदौरे | ९ | २०१ | 1:22 | | |
| | | | 29 | श्री बालकन्या आधारभूत विद्यालय दुम्सीखर्क | २ | १२ | 1:06 | | |
| | | | 30 | श्री कालिका आधारभूत विद्यालय भोजे | २ | २५ | 1:13 | | |
| | | | 31 | श्री पञ्चकन्या आधारभूत विद्यालय भदौरे | ३ | ५६ | 1:19 | | |
| | | | 32 | श्री तेजमाया राई आधारभूत विद्यालय वोहोरे | २ | ५२ | 1:26 | | |
| | | | 33 | श्री नवप्रतिभा आधारभूत विद्यालय कामीगाउँ | १ | २१ | 1:21 | | |
| | | | 34 | श्री सिद्धदेवी आधारभूत विद्यालय रानाटोल | २ | ३१ | 1:16 | | |
| | | | 35 | श्री बसेरी आधारभूत विद्यालय बसेरी | २ | २३ | 1:12 | | |
| | | | 36 | श्री कालिका आधारभूत विद्यालय सोलाघर | ३ | ४५ | 1:15 | | |
| | | | 37 | श्री बौद्ध आधारभूत विद्यालय ठुल्ढुंगा | ३ | ४५ | 1:15 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>38</td><td>श्री माम्खा माध्यमिक विद्यालय माम्खा</td><td>१८</td><td>२२१</td><td>1:12</td></tr>
<tr><td>39</td><td>श्री कुडुले आधारभूत विद्यालय कुडुले</td><td>३</td><td>३४</td><td>1:11</td></tr>
<tr><td>40</td><td>श्री पारिजात स्मृति आधारभूत विद्यालय जुकेपानी</td><td>७</td><td>१९४</td><td>1:28</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.२</td><td>१४</td><td>२०७८-६-२०</td><td>शिक्षण सहयोग अनुदानः मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ को क्रियाकलाप सि.नं. २.५.१२ अनुसार शिक्षण सिकाई व्यवस्थापन कार्यविधि, २०७७ अनुसार सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षा (९-१०) का लागी कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका र १ मात्र दरबन्दी भएका गणित, अङ्ग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि मा.वि.शिक्षकको लागी रु.३५९९०.०० आवि शिक्षकको लागि रु.२८२००.०० मासिक निकासा अनुदान दिने व्यवस्था छ । जालपा मावि दियालेका शिक्षक मा.वि.तृतीय श्री सरोजसिंह लाई २०७८/६/१८ मा नियुक्ती दिईएको छ । शिक्षकको नियुक्ती पत्र र तलव वुझेको प्रमाण परीक्षण गर्दा यस आर्थिक वर्षको १२ महिनाको पारिश्रमिक निकासा गरिएको छ । २०७८/६/१८ मा नियुक्त शिक्षकलाई असौज १८ पछिको मात्र तलव निकासा हुनुपर्नेमा १२ महिना सवै निकासा हुदा २ महिना १७ दिनको बढी निकासा भएको देखिन्छ । यस आर्थिक वर्षमा खर्च हुन नसकि बाँकी रहने रकम फ्रिज हुने व्यवस्था अनुसार निज शिक्षकको लागी काम गरेको अवधिको मात्र पारिश्रमिक निकासा गर्नुपर्नेमा बढी निकासा भएको रु.५६३८४.०० संघीय सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>१४.३</td><td>१४७</td><td>२०७९-१-११</td><td>सरुवा शिक्षकको तलव भुक्तानीः मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ को क्रियाकलाप नं.२.१.२ अनुसार दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा (राहत), र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागी विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ । प्रा.शि. तृत्तिय श्री रोम प्रसाद धमलालाई वौद्ध आ. वि. ठुलढुङ्गाबाट माघ महिनाको रु.३४,९२०।०० र वालकन्या आ.वि., भदौरेबाट फाल्गुन महिनाको रु.३४,९२० गरी जम्मा रु.६९,८४०।०० निकासा भएको छ । वालकन्या आ.वि., भदौरेबाट वालसेवक आ.वि., भक्तपुर न.पा.-७ मा सरुवा भएको मिति २०७८/११/२९ को रमाना पत्र सि.नं.१० अनुसार २०७८ पौष मसान्तसम्मको मासिक ग्रेड समेत रु.२९५६४।०० का दरले तलव भुक्तानी गरिएको उल्लेख छ । २०७८ पौष मसान्तसम्मको मात्र तलव निकासा हुनुपर्नेमा २०७८ माघ र फाल्गुनको निकासा गरिएकोले २ महिनाको रु.६९,८४०.०० बढी निकासा भएको देखिन्छ । श्री रोम प्रसाद धमलाको</td><td>६९,८४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वालसेवक आ.वि., भक्तपुर न.पा.-७ मा उक्त अवधिको तलव नखुवाएको सम्वन्धित स्थानिय तहबाट निकासा नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | |
| १४.४ | १०६ | २०७८-११-२९ | **विद्यार्थी निर्वाह खर्चः** मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को सि.नं. २.६ अनुसार शिक्षण सिकाई सामग्री तथा ल्याव असिस्टेन्ट, ल्याव सामाग्री र उपकरणको लागी कक्षा ९-१२ का विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५००० का दरले निकासा गराउने र विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी प्रति महिना रु.१००० का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ ।श्री सरस्वती माविलाई ४० जनाको रु.१५००० का दरले जम्मा रु.६,००,०००.०० निकासा गरिएको छ । विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गरेको छैन । व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीको बैंक खातामा रकम जम्मा गरी निर्देशिकाको पालना गरिनुपर्दछ । | |
| १५ | | | **सुरक्षीत नागरिक आवास कार्यक्रमः** कार्यसम्पन्न प्रतिवेदनः सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५(८) मा अनुदानग्राहीले प्राप्त गरेको पहिलो किस्ताको अनुदानबाट जस्तापाता र काठ लगाएतका सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्वन्धित स्थानीय तहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो किस्ता वापतको रकम उपलब्ध गराउने तथा उक्त ऐनको दफा ६ मा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराइएको मितिले ३ महिनाभित्र कार्य नगरेमा लाभग्राहीबाट स्थानीय तहले उक्त रकम असूल गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले (गत बर्ष) आ ब २०७७।७८ मा छनौटमा परेका लभाग्राहीहरु मध्ये १२ जनालाई प्रति परिवार रु.३००००। का दरले जम्मा रु.३६००००। अनुदान दिएकोमा लेखापरीक्षण अवधि २०७९।५।३० सम्ममा देहायको लाभग्राहीरुको कार्य प्रगति पालिकामा पेश नभएकोले उक्त कार्यको प्रगति प्रमाण पेश गर्नुपर्ने रु.<br><br>सि नं \| लाभग्राहीको नाम \| भुक्तानी रकम<br> \| **गाउँपालिका पूजिगत तर्फ** \| | ३६०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>बिन्दा मगर</td><td>३००००</td></tr>
<tr><td>२</td><td>राम कुमार राई</td><td>३००००</td></tr>
<tr><td>३</td><td>भिम बहादुर सार्की</td><td>३००००</td></tr>
<tr><td>४</td><td>केशव बहादुर बस्नेत</td><td>३००००</td></tr>
<tr><td>५</td><td>सिंह बिश्वकर्मा</td><td>३००००</td></tr>
<tr><td>६</td><td>लेख बहादुर राई</td><td>३००००</td></tr>
<tr><td>७</td><td>दिल बहादुर भुजेल</td><td>३००००</td></tr>
<tr><td>८</td><td>जय कुमार राउत</td><td>३००००</td></tr>
<tr><td></td><td>संघीय शसर्त तर्फ</td><td></td></tr>
<tr><td>९</td><td>मेघ बहादुर बि क</td><td>३००००</td></tr>
<tr><td>१०</td><td>भगवति भुजेल</td><td>३००००</td></tr>
<tr><td>११</td><td>रबि सार्की</td><td>३००००</td></tr>
<tr><td>१२</td><td>पेशल कार दर्जी</td><td>३००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बैठक भत्ताः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा ३ अनुसार सार्वजनिक निकायले खरिद कारवाही सम्वन्धि खरिद योजना तयार गर्ने लगायतका विभिन्न नियमित कार्यका लागि कार्यबोझ र कार्यप्रकृतिका अधारमा छुट्टै महाशाखा,शाखा वा इकाइको स्थापना गरी खरिद अधिकारी तोक्नुपर्ने व्यवस्था छ । त्यसै गरी अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद सात</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७.१.१ मा बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने, एउटै निकाय वा अन्तर्गतका पदाधिकार।कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने र बैठकमा आमन्त्रित सदस्य रुपमा थप व्यक्ति राख्न नपाइने तर बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सक्ने उल्लेख गरेकोमा गाउँपालिकाले बिभिन्न बोलपत्र तथा सिलबन्दी दरभाउ पत्र खोल्दा र मुल्यांकन गर्दा बसेको बैठकका सदस्य लगायत आमन्त्रित बिभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई यस बर्ष रु. ३ लाख १५ हजार बैठक भत्ता भुक्तानी गरी खर्च गरेकोमा कार्य संचालन निर्देशिका विपरित गाउँपालिकाको मात्र कर्मचारी बसेको विभिन्न बैठक तथा आवश्यक भन्दा बढी पदाधिकारी तथा कर्मचारी बैंठकमा राखी निर्देशिका विपरित भत्ता खर्च लेखेको नियम सम्मत देखिएको छ । यसरी खर्च लेख्ने प्रक्रियामा नियन्त्रण तथा सुधार गर्नुपर्दछ । | |
| १७ | | | **प्रमाण बेगर खर्च लेखेको** | |
| १७.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सँलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका भौचर नं बाट देहायको रु ७३४६९१। खर्च लेखेकोमा उक्त खर्चलाई पुष्टी हुने प्रमाण कागजात संलग्न नरहेको रु.<br><br>भौ नं मिति \| रकम \| भुक्तानी बिबरण<br>२९५।२०७९।१।१६ \| ३२४४७९ \| कर बीजक अनुसार भुक्तानी<br>३०९।२०७९।१।१७ \| ४१०२१२ \| कर बीजक अनुसार भुक्तानी<br>जम्मा \| ७३४६९१ \| | ७३४,६९१ |
| १७.२ | | | **बिपद व्यबस्थापन खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सँलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यवस्था छ । गाउँपालिकाले पालिकाले | २२९,८४२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिपद व्यबस्थापन शीर्षकबाट सिद्धिबिनायक हार्डवेयर एण्ड सप्लायर्सबाट मल्टी लेयर सिल्पोलिन त्रिपाल ३०००० स्कायर मिटर रु २२९८४२ रकममा खरिद गरेकोमा उक्त त्रिपाल लक्षित बर्गलाई बितरण गरेको नदेखिएकोले बितरणको प्रमाण पेश हुनु पर्ने रु. | |
| १८ | | | **बढी खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सँलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यबस्था छ । गाउँपालिकाले पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन गरेवापत अन्नपूर्ण पोष्टमा सूचना प्रकाशन बापत हाली माली मिडिया लाई प्रकाशित नाप ५*१४ =६० सि सि को प्रति सि सि १४०० का दरले को आधारमा रु. ९८००० मा १५ प्रतिशत छुट रु. १४७०० घटाई हुन आउने रकम रु. ८३३०० मा मू. अ कर रु. १०८२९। थप गरी ९४१२९। भुक्तानी हुनु पर्नेमा रु. १२९०९१। भुक्तानी गरेको देखिएकोले बढी भक्तानी भएको रकम रु. ३४९६२। असुल हुनु पर्ने रु. | ३४,९६२ |
| १९ | | | **टुक्रा खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाहरुले यो वर्ष निम्न ग्रामिण सडक मर्मत कार्यमा ५ लाख भन्दा कमको लागत अनुमान तयार गरी खरिद गरेकोमा लागत अनुमानकै रेटमा खरिद गरेको कारण सोझै खरिद गर्दा प्रतिस्पर्धा नहुने देखिन्छ । पालिकाले खरिद कार्य गर्दा प्रतिस्पर्धा हुने गरी नियमानुसार सिलबन्दी दरभाउपत्र वा वोलपत्रमार्फत खरिद गर्नुपर्दछ । | |

| सि. नं. | भौ. नं. र मिति | कामको विवरण | सडकको नाम | निर्माण व्यववसायीको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | ११-२०७८।७।१६ | मुख्य ग्रामिण सडक मर्मत | शेर्ना खानीभञ्ज्याङ अप्सरा वेलवोट सडक | सिर्जनशिल कन्स्ट्रक्शन कम्पनी लि. | ४९५६८३ |
| २ | १३-२०७८।७।३० | मुख्य ग्रामिण सडक मर्मत | | फिक्कल महाकाली कन्स्ट्रक्शन | ४९६६४३ |
| ३ | १५-२०७८।८।१ | मुख्य ग्रामिण सडक मर्मत | रुम्जाटार ठोट्ने माम्खा रातमाटे शेर्ना सडक | सप्तावती निर्माण सेवा | ४९७२८६ |
| ४ | ४०- | मुख्य ग्रामिण सडक | सेर्ना खानी भञ्ज्याङ आपसरा | सिर्जनशिल कन्स्ट्रक्शन कम्पनी लि. | ४९७०६६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>२०७८।११।१</td><td>मर्मत</td><td>बेलवोटे</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>१९८६६७८</td></tr>
</table>
माथि उल्लेख गरिएको योजनामा सि. नं. १ शेर्ना खानीभञ्ज्याङ अप्सरा वेलवोट सडक सडक मर्मत कार्यमा ग्याबिन वक्स बनाउनको लागि जाली खरिद गरेको तर जाली बनाएको रकम भुक्तानी नगरी जालिमा ढुंगा भर्ने कार्यको मात्र भुक्तानी दिएको देखिन्छ । त्यस्तै सि. नं. २ को सडकमा ग्याबिनको कार्य गरेको उल्लेख गरि रकम भुक्तानी भएकोमा जाली बुन्नको लागि तार खरिद बापतरको रकम भुक्तानी गरेको छ । सि.नं. ४ को सेर्ना खानी भञ्याङ् आपसरा बेल्वासी सडकमा जाली प्याकिङको रकममात्र भुक्तानी गरेकोमा उक्त ग्याबिन बक्स कहाँबाट प्राप्त भएर जाली भरेको यकिन हुन सकेन । पालिकाले यस सम्बन्धमा अनुगमन गरी यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। चिसंखुगढि आधारभूत अस्पताल निर्माणको लागि जगदम्बा काली जे भि लाई दोश्रो रनिङ् बिल भुक्तानी गर्दा Earthwork excavation in all type of soil... को १०९६३ घनमिटरको भुक्तानी गरेको, उक्त अनुसार Backfilling with excavated earth को ३३९.१७ घनमिटरको भुक्तानी गरेकोमा पुन Disposal of excavated material मा पुरेको परिमाण नघटाई खनेको सबै परिमाण १०९६३.१७ घनमिटरको प्रति घनमिटर रु ४० का दरले भुक्तानी गरेकोले पुरेको परिमाणको वढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु १३५६६।-( ३३९.१७* ४०) मा मूल्य अभिबृद्धि थप समेत रु.१५३१८।- असुल हुनुपर्ने रु.</td><td>१५,३१८</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बढी मुल्य समायोजन भुक्तानीः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिदसम्झौता भई सकेको अवस्थामा अप्रत्याशित कुनै निर्माण सामाग्रीको मूल्य घटबढ भएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ साथै सार्वजनिक खरिदनियमावली २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नु पर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ। चिसंखुगढि आधारभूत अस्पताल निर्माणको लागि जगदम्बा काली जे भि लाई मुल्य समायोजन भुक्तानी गर्दा निम्नानुसार प्रथम रनिङ् बिल र तेस्रो रनिङ् बिलको मूल्य समायोजन भुक्तानी गर्दा रनिङ् विल भुक्तानी भएको रकम भन्दा बढी रकममा मूल्य समायोजन भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु २०४१४४।- सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.</td><td>२०४,१४४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>आइ पि सि नं</th><th>रनिङ् विल अनुसार भुक्तानी रकम ( मू .अ. कर बाहेक)</th><th>मुल्य समायोजन दिएको रकम</th><th>रनिङ् विल भन्दा बढी भएको रकम</th><th>दिएको फ्याक्टर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>प्रथम</td><td>४२८४९५६</td><td>४५१२९५६</td><td>२२८०००</td><td>१.०२९३</td><td>६६८०</td></tr>
<tr><td>तेस्रो</td><td>५६७६१७४</td><td>९२५६००६</td><td>३५७९८३२</td><td>१.०४८६</td><td>१७३९७९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>१८०६५९</td></tr>
<tr><td colspan="2">मूल्य अभिबृद्धि कर समेत कुल जम्मा</td><td></td><td></td><td></td><td>२०४१४४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सम्झौता कार्यान्वयनः वडा नं ५ को पहुँच मार्ग निर्माणको लागि नगरपालिका र शिद्धगढी इन्जिनियर्श एण्ड विल्डर्शसंग भएको सम्झौताको विशेष शर्तको बुँदा नं १३.१ मा The period between program update is 60 days, The amount to be withheld for late submission of update program is 10000 उल्लेख छ । निर्माण व्यवसायीले दोश्रो विल भुक्तानी हुँदासम्म समेत सम्झौता अनुरुप अपडेट प्रोग्राम पेश गरेको दखिएन। पालिकाले सम्झौतामा भएको शर्त पालना गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सम्झौता भन्दा बढी भुक्तानीः समृद्ध चिसंखुगढी रेडियो कार्यक्रम संचालन गर्नको लागि गाउँपालिका र हिमाल एफ एम विचको सम्झौतामा रेडियो कार्यक्रम २०७८ श्रावण देखि २०७९ आषाढ मसान्त सम्म ४० हप्ता प्रसारण गर्ने गरी रु ३५००००।- को सम्झौता भएको छ । सम्झौतामा सम्झौता भएको मिति उल्लेख गरेको पाइएन ।एफ एम ले पेश गरेको प्रस्ताव अनुसार उक्त कार्यक्रम प्रत्येक साता ७:३० देखि ८:०० बजे सम्म ३० मिनेट प्रसारण हुने उल्लेख छ । उक्त एफ एम ले २०७८ मंसीर महिनामा मात्र कार्यालयमा प्रस्ताब पेश गरेको र २०७९ पौषको पहिलो हप्तामा पालिकाले कोटेशनको तुलनात्मक विवरण तयार गरी उक्त एफ एम को प्रस्ताव स्विकृत गरेको देखिएकोले पौष देखि आषाढ मसान्त सम्म २१३ दिन अर्थात ३१ हप्ता मात्र हुने भएकोमा ४० हप्ता पुरै भुक्तानी गरेकोले बढी भुक्तानी भएको ९ हप्ताको रु ७७७५०।- असुल हुनुपर्दछ ।</td><td>७७,७५०</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>उपभोक्ता समिति छनौटः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष उपभोक्ता कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td>108</td><td>२०७९-२-२६</td><td>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स बमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोहि अनुरुप भुक्तानी गर्नुपर्ने व्यवस्था छ। संजिव स्मृति भवन तथा शौचालय निर्माण कार्यको निम्नानुसार सिमेन्टको जडानमा ढुंगाको वाल लगाउने कार्य १:४ को भुक्तानीमा दर बिश्लेषण अनुसार प्रतिघनमिटर रु.१४०५७।- को दरले भुक्तानी गर्नुपर्नेमा १४९१९।- का दरले भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु ११३०९।- असुल हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>भुक्तानी भएको दर</th><th>भुक्तानी हुनुपर्ने दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>Stone masonry wall 1:4</td><td>3.37</td><td>१४९१९</td><td>१४०५७</td><td>२९०५</td></tr>
<tr><td>Stone masonry wall 1:4</td><td>9.75</td><td>१४९१९</td><td>१४०५७</td><td>८४०५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>११३०९</td></tr>
</table></td><td>११,३०९</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कार्यालयको काम उपभोक्ता समिति मार्फत गरेकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ।पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम ( वडा नं ८ को कार्यालय भवन मर्मत) उपभोक्ता समिति मार्फत गराइ रु.३६८७४९।- खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गराएको</td><td>३६८,७४९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाइयो।नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन मर्मतको कार्य गराउनु अनियमित देखिएको रु. | |
| २७ | | | **उपभोक्ता समितिको बिलः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा निम्न योजनामा बाटो खन्ने कार्यको लागि सम्पूर्ण काम मेशिन प्रयोग गरी गरेको र सोहि अनुरुप मूल्याङ्कन भएकोमा काम सबै मेशिनबाट गराउने तर उपभोक्ताको योगदानको डोर हाजिर पेश गरेको देखिन्छ । उपभोक्ताले एक्साभेटरले गरेको कामको विल पेश गर्दा उपभोक्ताको योगदान कट्टी गरी बाँकी कामको मात्र विल पेश गरेकोले उक्त पेश गरेकोले पेश भएको बिल विजक यथार्थ परक देखिदैन । पालिकाले यस सम्बन्धमा यकिन गरी आगामी दिनमा सुधार गर्नुपर्ने देखिन्छ । केही उदाहरण निम्म छन् | |

| गो भौ नं./मिति | आयोजनाको नाम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणबाट भएको काम | विल पेश भएको रकम |
|---|---|---|---|---|
| ९७-२०७९।२।१९ | कुईभिर हुँदै नेचा फुर्के जोड्ने सडक | एक्साभेटर/डोजर | १०४३६५० | ९५३३२४ |
| ११२-२०७९।२।३० | शिरसे कोलडाँडा सडक निर्माण | एक्साभेटर/डोजर | ४८८८३७ | ४७७५०२ |
| २३-२०७९।२।३१ | रातमाटे जेजस विष्टी डाँडा सडक मर्मत वडा नं ४ | एक्साभेटर/डोजर | ६९८६७७ | ५२०७५० |
| १८-२०७९।३।२४ | रातमाटे पुरानो थोक खोला सडक निर्माण | एक्साभेटर/डोजर | १०८५८१७ | ९५५००३ |
| २८-२०७९।३।१५ | वडा नं २ शाखा सडक मर्मत | एक्साभेटर/डोजर | ६०१२४९ | ३८७४२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की भुक्तानी र फछ्र्यौट सम्बन्धि व्यबस्था रहेको छ । यस वर्ष गाउँपालिकाले BROAD BAND NETWORK CONNECTIVITY IN CHISHANKHUGADHI GAUPALIKA कार्यका लागि एरो नेट प्रा.लि लाई दिएको पेश्की रु ८१११८५।- आर्थिक बर्षको अन्त्य सम्ममा फछ्र्यौट नभई बाँकी रहेको देखिएकोले पेश्की रकम नियमानुसार असुल फछ्र्यौट हुनु पर्दछ । | |
| २९ | | | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी ल्याएको जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ । वडा कार्यालयको अफिस दराज, कुर्सी लगायतको सामग्री खरिद गरी रु. ३,००,०००।- मूल्यका सामग्री खरिद गरेकोमा जिन्सी खातामा आम्दानी बाँधेको नदेखिएकोले उक्त सामग्री जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ३००,००० |
| ३० | | | **नन् फाइलरलाई भुक्तानीः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायको फर्मलाई मू.अ.कर रु.५२८५६८।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले रु. ५,२८,५६८।- को कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा ७० प्रतिशत रकम असुल हुनुपर्ने | ५२८,५६८ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजक नं र मिति | मु.अ.कर रकम | ७० प्रतिशत मु.अ.कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| ६७-२०७८।१२।८ | शाक्य निर्माण सेवा | ६०१९१३१०३ | ००७,२०७८।१२।७ | २७३४१४ | १९१३९० | २०७८।M।९ |
| १७-२०७९।१।४ | | | ०८,२०७९।१।४ | २५५१५४ | १७८६०७ | |
| | **जम्मा** | | | ५२८५६८ | ३६९९९७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>रितपूर्वको कर बिजकः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण व्यवसायीलाई मु. अ. कर वापत रु.९९,१४९।- भुक्तानी गरेकमा निजले पेश गरेको कर विजकमा विजक नं. केरमेट भएकोले भुक्तानी भएको मु. अ. कर रु. १,५६,३५९।- को कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा रु.१,०९,४३१।- असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>विजक नं र मिति</th><th>मु.अ.कर रकम</th><th>७० प्रतिशत मु.अ.कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>२१५-२०७९।३।२२</td><td>श्रेष्ठ विल्डर्श</td><td>२४, २०७९।३।२२</td><td>९९१४९</td><td>६९४०४</td><td>विजक नं. केरमेट गरेको</td></tr>
<tr><td>१५-२०७८।।१</td><td>सत्यावती निर्माण सेवा</td><td>विजक नं नभएको</td><td>५७२१०</td><td>४००२७</td><td>विजन नं. उल्लेख नभएको</td></tr>
<tr><td></td><td></td><td></td><td>१५६३५९</td><td>१०९४३१</td><td></td></tr>
</table></td><td>१५६,३५९</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा लिनुपर्ने आधार समेत तोकेको छ । नियम ११५ मा आपूर्ती गरिएका मालसामान प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाबाट संचालित विभिन्न योजनाहरुमा प्रयोग हुने खानेपानी पाइप, ग्याविन जाली लगायतका सामग्री उपभोक्ता समितिमार्फत खरिद कार्य गरी भुक्तानी गरेकोमा गुणस्तर परीक्षण गरेको पाइएन । साथै उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा प्रयोग हुने रड गिटी वालुवा सिमेन्ट लगायतका निर्माण सामग्रीहरुको समेत गुणस्तरी परिक्षण भएको प्रमाण पेश भएको पाइएन । जसले गर्दा सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्री तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>हेभी मेशिन प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ गाउँपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गो भौ नं./मिति</th><th>आयोजनाको नाम</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th><th>कैफियत</th></tr>
<tr><td>९७-२०७९।२।१९</td><td>कुईभिर हुँदै नेचा फुर्के जोड्ने सडक</td><td>९५३३२४</td><td>एक्साभेटर/डोजर</td><td>९५३३२४</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>११२-२०७९।२।३०</td><td>शिरसे कोलडाँडा सडक निर्माण</td><td>४७७५००</td><td>एक्साभेटर/डोजर</td><td>४७७५०२</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>२३-२०७९।२।३१</td><td>रातमाटे जेजस विष्टी डाँडा सडक मर्मत वडा नं ४</td><td>६२०७५०</td><td>एक्साभेटर/डोजर</td><td>५२०७५०</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>१८-२०७९।३।२४</td><td>रातमाटे पुरानो थोक खोला सडक निर्माण</td><td>९५५००३</td><td>एक्साभेटर/डोजर</td><td>९५५००३</td><td>१०० प्रतिशत मेशिन प्रयोग भएको</td></tr>
<tr><td>२८-२०७९।३।१५</td><td>वडा नं २ शाखा सडक मर्मत</td><td>५७१११८</td><td>एक्साभेटर/डोजर</td><td>३८७४२३</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>शिक्षातर्फः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.१ | | | **पाठ्यपुस्तकमा निकासाः** कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८ को क्रियाकलाप सि.नं.३.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा कक्षा १-१२ सम्मका विद्यार्थीका लागी निःशुल्क पाठ्यपुस्तक अनुदान दिने र सो अनुदान वितरणको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार लिएर परीक्षण गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्क (विद्यालयको लागी एकसेट समेत)भन्दा बढी परीमाणमा निकासा गरिएको छ ।ईमिसले देखाएको संख्या भन्दा बढी संख्यामा भएको निकासा रकम असुलगरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. | ११९,४९३ |

| सि.नं. | विद्यालय/कक्षा | एक | दुई | तिन | चार | पाँच | छ | सात | आठ | नौ | दश | एघार | बाह | ईमिस अनुसार | निकासा | बढि निकासा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maheshwar Secondary School | 7 | 10 | 12 | 15 | 15 | 16 | 23 | 22 | 24 | 39 | 0 | 0 | 121559 | 199572 | 78013 |
| 2 | Kalika Basic School, Bhoje | 3 | 3 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 6043 | 8040 | 1997 |
| 7 | Mamkha Secodary School | 11 | 9 | 10 | 9 | 8 | 14 | 19 | 18 | 20 | 21 | 0 | 15 | 101746 | 121295 | 19549 |
| 8 | Kalika Basic school, Pokhare | 11 | 6 | 8 | 5 | 6 | 10 | 9 | 13 | 0 | 0 | 0 | 0 | 47761 | 51629 | 3868 |
| 9 | Saraswati Uchcha Ma V | 11 | 7 | 12 | 11 | 12 | 45 | 42 | 62 | 53 | 44 | 0 | 38 | 223430 | 235555 | 12125 |
| 12 | Serna Ni Ma V | 8 | 5 | 6 | 10 | 5 | 6 | 7 | 6 | 0 | 0 | 0 | 0 | 37488.9 | 41430 | 3941.1 |
| | Total | | | | | | | | | | | | | | | 119493 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.२ | २९२ | २०७८-३-२४ | **दिवा खाजाः** मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ को क्रियाकलाप सि.नं.७.१ अनुसार स्थानीय तहले दिवा खाजा उपलव्ध गराईएको विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणित गराई थप अनुदान दिनुपर्ने व्यवस्था छ । विद्यालयले पेश गरेको दिवा खाजा वितरणको भरपाई परीक्षण गर्दा देहायका विद्यालयहरुलाई अनुदान दिएको रु.९८,०८७।- मा रु.७७,५६७।- मात्र वितरण गरेको प्रमाण पेश गरेको छ । | १९,५२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वितरण भई बाँकी रहेको अनुदान रु. १९,५२०।०० संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. | |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | भरपाई पेश भएको | बाँकी |
|---|---|---|---|---|
| १ | माम्खा मा.वि., माम्खा | 31690 | 25890 | 5800 |
| २ | जालपा मा.वि., दियाले | 33122 | 29402 | 3720 |
| ३ | कालिका आ.वि., सोलाघर | 33275 | 22275 | 10000 |
| | जम्मा | | | 19520 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.३ | 23 | २०७९-४-१ | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (८०११०५०३५०१)**<br><br>**दुई कोठे भवन निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गरी मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सरस्वती मा.वि.,खानीभन्ज्याङ्गमा दुई कोठे भवन निर्माणको लागी २०७९ असार २० सम्म सम्पन्न गर्ने गरी विद्यालय व्यवस्थापन समिति र पालिकाबीच २०७९।२।२३ गते रु.३१,९८,१७४.७५ मा सम्झौता भएको छ । उक्त सम्झौता अनुसार पालिकाबाट रु. १७,१९,०००।- विद्यालयको खातामा निकासा गरिएको छ । आर्थिक वर्षको अन्त्यमा एक महिना भन्दा छोटो अवधिमा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरिनु उपयुक्त देखिएन । छोटो अवधिमा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेको कारणले तोकिएको समय कार्यसम्पन्न भएको छैन ।सम्झौता अङ्क रु.३१,९८,१७४.७५ मा दुई कोठे भवन निर्माण सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,७१९,००० |
| ३४.४ | | | **विद्यालय सुधार योजनाः** मानव विकास श्रोत केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५००० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२०००० का दरले निकासा दिन सकिने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले प्रगति सूचकमा निर्माण तथा अद्यावधिक भएका विद्यालय सुधार योजना पेश गर्नुपर्ने उल्लेख छ ।तपसिलको विद्यालयहरुले विद्यालय सुधार योजना पेश नगरेकोले विद्यालय सुधार योजना पेश गर्नुपर्ने रु. | १७५,००० |

<table>
